२०७६/१२/२०

आज मिति २०७६/१२/२० गते कोभिड १९ (COVID 19) को संक्रमण रोकथाम, नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा रुकुम जिल्लामा गठित कमाण्ड पोष्ट को बैठक कमाण्ड पोष्ट का संयोजक प्रमुख जिल्ला अधिकारी अर्जुन भण्डारीको अध्यक्षतामा बसी देहाय बमोजिमका निर्णयहरु गरियो।

उपस्थिति:

- श्री अर्जुन भण्डारी - संयोजक प्र.जि.अ. - जिल्ला प्रशासन कार्यालय (पुर्व)
- श्री सविन्द्र नगरकोटी - सदस्य प्रमुख सेनानी - कालीजंग गण, रुकुम
- श्री इन्द्र पुर्केटी - " प्रहरी नायब उपरीक्षक - जिल्ला प्रहरी कार्यालय, (पुर्व)
- श्री दिवेन्द्र राज उप्रेती - " प्रमुख अनुसन्धान अधिकृत - राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय
- श्री अच्युत मणि अधिकारी - " सशस्त्र प्रहरी निरीक्षक - सशस्त्र प्रहरी बल, गुल्म नं. २०, रुकुम (पुर्व)
- श्री किरण श्रेष्ठ - " जनस्वास्थ्य अधिकृत - स्वास्थ्य कार्यालय (पुर्व)
- श्री डा. कपिल रेग्मी - " मे.सु. - जिल्ला अस्पताल (पुर्व)
- श्री रेखना कुमारी ... - सदस्य सचिव स.प्र.जि.अ. - जिल्ला प्रशासन कार्यालय (पुर्व)

निर्णय पछाडीको पानामा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

**निर्णयहरु:**

१. अत्यावश्यक बस्तु (खाद्यान्न, औषधी, इन्धन, कुखुरा, कुखुराको चल्ला, दाना, फलफूल, तरकारी, दुध आदी) को ढुवानी एक स्थानबाट अर्को स्थानमा जिल्ला भित्र नै आवागमन हुने सवारी साधनको हकमा सम्बन्धित वडा कार्यालय वा व्यवसायी/फर्मले जारी गरेको लिखित सिफारिस/अनुरोध बमोजिम प्रवेश गर्दा शुरुको सुरक्षा पोष्टले यकिन गर्ने र मनासिव देखिए बमोजिम सुरक्षा पोष्टबाट उक्त सवारी साधनलाई ढुवानी कार्ड जारी गर्ने । त्यसपछीको हरेक सुरक्षा पोष्टले जारी गरेको ढुवानी कार्डमा समय खुलाई दरपीठ गर्ने । जिल्ला बाहिरबाट ढुवानीहुने सवारी साधनको हकमा ढुवानी भएको अत्यावश्यक मालबस्तुको बिलबिजक र अन्य आवश्यक कागजात वा सम्बन्धित व्यवसायी/फर्मले जारी गरेको मिति र स्थान खुलेको सिफारिस/अनुरोध पत्रका आधारमा प्रवेश गराउने जिल्ला प्रवेश गर्ने नजिकको बेत्रावती स्थित सुरक्षा पोष्टबाट ढुवानी कार्ड जारी गर्ने र अभिलेख राख्ने । ढुवानी गर्ने सवारी साधनमा चालक र एकजना सहयोगी मात्र यात्रा गर्न पाउने र अनिवार्य रुपमा मास्क, पन्जा र Hand Sanitizer को प्रयोगका लागि अनुरोध गर्ने ।

२. जिल्लाभरीका स्वास्थ्य संस्थासँग सम्बन्धित निकायहरु(स्वास्थ्य कार्यालय, अस्पताल, स्वास्थ्य चौकी, सा.स्वा.इ, हेल्थ डेस्क, क्वारेन्टाईन स्थल, आईसोलेसन स्थल, गाउँपालिका स्वास्थ्य शाखा) मा हाल मौज्दात रहेका कोभिड-१९ रोकथाम, नियन्त्रण र उपचार सम्बन्धी स्वास्थ्य सामग्रीको लगत संकलन गर्ने र आवश्यकता पहिचानको आधारमा सबै स्वास्थ्य संस्था (स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई, हेल्थ डेस्क) मा कम्तीमा PPE- १ थान, Gown - १ थान, Non Contact Thermometer - १ थान, N-95 Mask - ५ थान, Surgical Mask - ५० थान, Alcohol Based Hand Rub/ Hand Sanitizer, Disinfectant तथा Quarantine Area र Isolation Area मा आवश्यकता अनुसार जिल्लास्तरमा मौज्दात सामग्रीबाट व्यवस्थापन गर्ने । साथै आवश्यक पर्ने सामग्री व्यवस्थापनका लागि सबै गाउँपालिकालाई अनुरोध गर्ने ।

३. बेत्रावतीमा रहेका हेल्थ डेस्कलाई स्रोत साधन र प्रविधि मैत्री बनाउन उत्तरगया गाउँपालिकालाई विशेष अनुरोध गर्ने । अन्य जिल्ला स्थायी ठेगाना भई रसुवा प्रवेश गर्ने व्यक्तिहरु र भारत वा तेस्रो मुलुक हुँदै रसुवा प्रवेश गर्ने व्यक्तिहरुको निश्चित फर्मेट बमोजिम छुट्टाछुट्टै अभिलेख राखी प्रत्येक दिनको विवरण बेत्रावती हेल्थ डेस्क र सरमथली हेल्थ डेस्कबाट सोही दिनमा जिल्ला विपद् व्यवस्थापन समिति, रसुवा अन्तर्गतको कोभिड-१९ सूचना केन्द्रमा उपलब्ध गराउने र अन्य जिल्लाबाट रसुवा भित्रिने खाद्यान्न तथा मालबस्तुहरुको विवरण बेत्रावती सुरक्षा पोष्टबाट प्रत्येक दिनको ५ बजे भित्र पुग्ने गरी कोभिड-१९ सूचना केन्द्रमा अनिवार्य उपलब्ध गराउने व्यवस्था गर्ने ।

४. रसुवा भन्दा अन्यत्र जिल्ला स्थायी ठेगाना भई रसुवा जिल्लाभित्र विभिन्न विकास निर्माण सम्बन्धी कार्यहरु (विद्युत, खानेपानी, सडक, भवन, उद्योग, कलकारखाना आदी) मा संलग्न र हाल लकडाउनको कारण समस्यामा परेका र उद्धार गर्नुपर्ने श्रमिक र मजदुरहरुको लगत संकलन गर्ने । साथै माग आवश्यकता बमोजिम तत्काल खाद्यान्न तथा बसोवासको व्यवस्थापन गर्नुपर्ने भएमा सो को व्यवस्थापनका लागि सबै गाउँपालिकाहरु मार्फत सम्बन्धित वडा कार्यालयहरुलाई विशेष अनुरोध गर्ने ।

५. अत्यावश्यक सेवामा कार्यरत कर्मचारीहरु (स्वास्थ्य, बैंक, वित्तीय संस्था, फोहरमैला व्यवस्थापन आदी) लाई सम्बन्धित कार्यालयले जारी गरेको कर्मचारी परिचयपत्रको आधारमा सवारी साधन चलाउन अनुमति दिने तर कर्मचारीले अन्य यात्रु ओसारपसार गर्न नपाउने व्यवस्था गर्ने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय

फोन: ०१०-५४०१३१ कार्यालय
०१०-५४०१३२ प्र.जि.अ.
०१०-५४००१९ हटलाईन
फ्याक्स: ०१०-५४०१३३
ईमेल: rasuwadao@gmail.com
वेवसाईट: www.daorasuwa.moha.gov.np

धुन्चे, रसुवा

पत्र संख्या : ०७६/७७
चलानी नम्बर : ९३२

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रसुवा

visit Nepal 2020 Lifetime Experiences

मितिः- २०७६/१२/२०

**बिषयः** निर्णय पठाईएको (कमाण्ड पोष्ट)।

श्री गृह मन्त्रालय,
शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा,
सिंहदरवार, काठमाण्डौं।
श्री आन्तरिक मामिला तथा कानून मन्त्रालय,
बागमती प्रदेश , हेटौडा।

प्रस्तुत विषयमा कोभिड-१९ को संक्रमण रोकथाम नियन्त्रण तथा व्यवस्थापन सम्बन्धमा मिति २०७६/१२/२० गते प्रमुख जिल्ला अधिकारी श्री अर्जुन भण्डारीज्यूको अध्यक्षतामा बसेको जिल्ला कमाण्ड पोष्टको बैठकबाट भएको निर्णय पाना -२(दुई) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७६/१२/२०
सपना कुमारी भट्टराई
सहायक प्रमुख जिल्ला अधिकारी